- मनोविकृति (गम्भीर मानसिक समस्या) भएको विरामीलाई दुर्व्यवहार गर्नुहुँदैन । उनीहरूलाई थुन्ने वा बाँध्ने गर्नुहुँदैन किनकि उपचारपछि उनीहरूको व्यवहारमा परिवर्तन हुँदै जान्छ ।
- मनोविकृति (गम्भीर मानसिक समस्या) भएका विरामीका घरपरिवारका व्यक्तिहरूले विरामीले राम्रोसँग स्याहार पाएको, सफा कपडा लगाएको, समयमा खाना खाएको कुरामा निश्चित हुनुपर्दछ ।
- चिकित्सकले औषधी रोक्ने सल्लाह नदिएसम्म विरामीले औषधी निरन्तर रूपमा खाइरहेको छ भन्ने कुरामा विश्वस्त गराउने जिम्मेवारी उसको परिवारको हुन्छ ।
- मनोविकृति (गम्भीर मानसिक समस्या) भएका विरामीलाई पनि अरू व्यक्तिले सरह विवाह गर्ने, काम गर्ने र समाजमा योगदान पुर्‍याउने अधिकार हुन्छ ।

गोरखा जिल्लाको एक नगरपालिका र १६ वटा गाविसहरूका स्वास्थ्य संस्थाहरूमा बहुसाँस्कृतिक मनोसामाजिक संस्था (टि.पि.ओ) नेपाल र इन्टरनेश्नल मेडिकल कोर (आई.एम.सी) र जिल्ला जनस्वास्थ्य कार्यालयको सहकार्यमा मानसिक स्वास्थ्यको कार्यक्रमहरू संचालन भएको छ । मनोसामाजिक तथा मानसिक समस्याको पहिचान भएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्था तथा जिल्ला अस्पतालमा सम्पर्क राख्नुभई निःशुल्क उपचार सेवा लिनुहोस् ।

मनोसामाजिक तथा मानसिक स्वास्थ्यसँग सम्बन्धित कुनै पनि जानकारी लिनुपरेमा १६६००१०२००५ मा सम्पर्क राख्नुहोला । यसमा फोन गर्दा पैसा लाग्दैन ।


**विस्तृत जानकारीका लागि सम्पर्क**

**बहुसांस्कृतिक मनोसामाजिक संस्था (टि.पि.ओ) नेपाल**

बालुवाटार, काठमाडौं, नेपाल

फोन : ९७७-१-४४३१७१७, ४४३७१२४

ईमेल : tponepal@tponepal.org.np

वेबसाईट : http:\\www.tponepal.org

पोष्ट बक्स नं : 8974/C.P.C. Box 612

**गोरखा अफिस**

गोरखा नगरपालिका-३, पाटेचौर, गोरखा

फोन : ९७७-६४-४२१४४३


© टि.पि.ओ नेपाल (प्राईम प्रोजेक्टबाट परिमार्जन गरिएको)

# मनोविकृति
## (गम्भीर मानसिक समस्या)

मनोविकृति (गम्भीर मानसिक समस्या) एक प्रकारको मानसिक रोग हो (कहिलेकाहीँ यसलाई कडा खालको मानसिक असन्तुलन पनि भनिन्छ) । राम्रोसँग उपचार पाउने हो भने मानसिक समस्या भएका विरामीले समुदायका अन्य व्यक्तिले सरह सामान्य जीवन बिताउन सक्छन् ।



मनोविकृति (गम्भीर मानसिक समस्या) भएका विरामीहरूमा अनौठो सोचाई अथवा विचारहरू आउने गर्छन्, जसले गर्दा उनीहरू अरूबाट टाढा हुने र अरू व्यक्तिप्रति शंकालु हुन्छन् । मनोविकृति (गम्भीर मानसिक समस्या) जो कोहीलाई पनि हुनसक्छ र त्यस्तो अवस्थाका लागि उनीहरूलाई दोष लगाउनु हुँदैन ।

## मनोविकृति (गम्भीर मानसिक समस्या) का लक्षणहरू



अरूले गर्न नसक्ने काम आफुले गर्न सक्छु जस्तो लाग्ने



कुनै दैवी शक्तिबाट आदेश आएको भनी विश्वास गर्ने



एकोहोरो अनावश्यक कुराहरु बोलेको बोल्यै गर्ने



घरायसी तथा सामाजिक कार्यमा चासो नदिने



एक्लो हुँदा पनि कसैले आफुलाई बोलाएको जस्तो आवाजहरू सुन्ने

## मनोविकृति (गम्भीर मानसिक समस्या) हुनुका कारणहरू

- अत्याधिक मात्रामा लागूपदार्थको प्रयोग गरेमा,
- दिमागमा रसायनिक तत्वको गडबडी भएमा,
- तनाव वा निराश भएमा, जस्तैः परीक्षाको बेलामा हुने तनाव, नजिकको आफन्तको मृत्यु हुने तनाव,
- टाउकोमा चोटपटक लागेमा,
- मनोविकृति (गम्भीर मानसिक समस्या) हुनुका केही कारणहरू थाहा पाउन सकिदैन तर केही व्यक्तिहरुमा वंशाणुगत कारणले पनि यस्तो समस्या देखिन्छ ।

## मनोविकृति (गम्भीर मानसिक समस्या) भएका व्यक्तिहरुको कसरी हेरविचार गर्ने ?

- यस्तो समस्या भएको व्यक्तिलाई उपचारका लागि जति सक्दो छिटो विशेषज्ञ वा डाक्टरकहाँ लैजानु पर्दछ ।
- विरामीको अवस्था राम्रो हुँदै गए पनि स्वास्थ्यकर्मी तथा चिकित्सकको सल्लाह बमोजिम नियमित रूपमा औषधीको सेवन गराउने ।
- मनोविकृति (गम्भीर मानसिक समस्या) भूत वा प्रेतात्माको कारणले गर्दा हुने नभई यो एक प्रकारको रोग हो भन्ने कुरा उसको घरपरिवार तथा समुदायका मान्छेहरूलाई बुझाउनुपर्दछ ।
- विरामी पूरै ठीक भइसकेपछि समुदायमा उसलाई पूर्ण रूपमा पुनः एकीकृत गरिनुपर्दछ र उसलाई पागल भनेर सम्बोधन गर्नुहुँदैन ।
- मनोविकृति (गम्भीर मानसिक समस्या) भएका व्यक्तिहरूलाई बाँधेर राख्ने वा दुर्व्यवहार गर्नुहुँदैन ।

## परिवारका लागि सल्लाह सुझावहरु

- भूतप्रेत/बोक्सीको कारणले मनोविकृति (गम्भीर मानसिक समस्या) हुँदैन ।
- मानसिक समस्या तपाई अथवा तपाईको परिवारको जो कोहि व्यक्तिलाई पनि हुनसक्छ ।
- यस्तो समस्या भएका विरामीलाई उनीहरुको अवस्थाको बारेमा दोष लगाउनु हुँदैन ।
- यस्तो समस्या भएको विरामीलाई मायाममता तथा सम्मान दिनुपर्दछ ।